म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक १३३ | सोमबार, १४ पुस २०८२ | ने. सं. ११४६ पोहेलाथ्व | 29 December 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गरौं**

- मौलिक संस्कृतिको रक्षा गरौं
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं । मातृभाषाको सम्मान गरौं ।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं । महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं ।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं ।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं ।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### हेटौंडाको सडक विस्तारसम्बन्धी मुद्दा आइतबार पनि हेर्न नभ्याइनेमा

# कर्जाको पुनर्तालिकीकरण गर्न गभर्नरसँग पीडित घरधनी र व्यवसायीको माग

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/हेटौंडा बजारक्षेत्रको २५ गज सडक विस्तार विरुद्ध सर्वोच्च अदालतमा दायर रिट निवेदन आइतबार पनि 'हेर्न नभ्याइने' सूचीमा परेको छ । न्यायाधीशद्वय कुमार रेग्मी र शान्तिसिंह थापाको संयुक्त इजलासमा सुनवाई तय भएको रिट हेर्न नभ्याइनेमा परेको हो ।

यसअघि पनि पुस २ गते तोकिएको पेसी 'हेर्न नभ्याईने'मा परेको थियो भने पुस ६ गतेका पेसी पनि 'हेर्न नभ्याइने' सूचीमा परेपछि सुनवाइ स्थगित भएको थियो । हेटौंडा बजारक्षेत्रको सडक विस्तार सँग जोडिएको विषयमा रास्वपा नेतृ तथा पूर्वसांसद विन्दवासिनी कंसाकार सहित ६ जनाले दायर गरेको रिट निवेदनमाथि आइतबार लागि पेसी तोकिएको थियो । सर्वोच्चले यो मुद्दाको पेसी पुस २० गतेलाई तोकेको छ ।



डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका र जिल्ला प्रशासन कार्यालय मकवानपुरलगायत निकायले सडक विस्तारको प्रक्रिया अघि बढाएपछि सम्पत्तिको अधिकार र मुआब्जाको माग गर्दै उनीहरु मंसिर १६ गते सर्वोच्च अदालत पुगेका थिए ।

सडक विभाग, सहरी विकास मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई समेत विपक्षी बनाएर दायर गरिएको रिटमा सर्वोच्चले मंसिर ९ गते अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । यो मुद्दामा मंसिर २६ गते न्यायाधीश मेघराज पोखरेलको इजलासले विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गर्दै अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको थियो । सोहीदिन न्यायाधीश कुमार रेग्मी र महेश शर्मा पौडेलको इजलासले मिसिल झिकाउने आदेशसमेत दिएको थियो ।

यसअघि पुस २ गते न्यायाधीश तिलप्रसाद श्रेष्ठ र सुनीलकुमार पोखरेलको इजलासमा पेसी 'हेर्न नमिल्ने'मा परेको थियो भने पुस ६ गते प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले यो मुद्दा 'हेर्न नभ्याइने' सूचीमा राखेको थियो ।

### सडक विस्तार प्रभावितलाई सहुलियत ऋण माग

हेटौंडा बजारक्षेत्रमा सडक डिभिजन हेटौंडाले डोजर लगाएपछि प्रभावित भएका घरधनी र व्यवसायीलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउन माग गरिएको छ । मकवानपुर उद्योग वाणिज्य संघले नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलसँग भेटवार्तासहित बैंक ब्याजमा सहुलियत र कर्जाको पुनर्तालिकीकरण गर्न माग गरेको हो ।

संघले सडक डिभिजनले घरलगायतका संरचना भत्काउँदा सयौं घरधनी र व्यवसायी प्रभावित भएको भन्दै वास्तविक प्रभावितलाई बैंक ब्याजमा दुई वर्षसम्मका लागि विशेष सहुलियत र कर्जाको पुनर्तालिकीकरण गरिदिन भनेको छ । उद्योग वाणिज्य संघका वरिष्ठउपाध्यक्ष दीपक उप्रेतीले घरधनी र व्यवसायीलाई राहत र सहुलियतको योजना ल्याउन आफूहरुले गरेको मागप्रति राष्ट्र बैंकका गभर्नर डा. पौडेल सकारात्मक रहेको जानकारी दिए । वरिष्ठ उपाध्यक्ष उप्रेतीले ऋणको बोझसहित अनेकौं अप्ठ्यारो झेल्दै व्यवसाय गरी बसेकाको घर भत्काइएपछि व्यवसाय विहीन हुन पुगेको बताए ।

व्यवसायी थप संकटमा धकेलिएको अवस्था रहेको भन्दै प्रभावितको उचित व्यवस्थापन गर्नु राज्यको कर्तव्य भएको बताए । उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको नेतृत्वमा राष्ट्र बैंक पुगेको टोलीले घरटहरा लगायतका संरचनामा सडक डिभिजनले डोजर लगाएपछि प्रभावितलाई हेटौंडा उपमहानगरपालिका कार्यालयले सहुलियत दिन निर्णय गरेको थियो । सहुलियतका लागि सरोकारवाला निकायलाई सिफारिस गर्ने निर्णय सहित प्रभावित व्यवसायीको प्रारम्भिक सूचीसमेत गभर्नर पौडेललाई बुझाएका छन् । वरिष्ठउपाध्यक्ष उप्रेतीले गभर्नर पौडेलसँगको भेटमा सडक विस्तारका कारण उद्योग व्यवसाय, घरधनी तथा स्थानीय व्यवसायीमा परेको प्रभाव, आर्थिक स्थायित्व र दीर्घकालीन समाधानका विषयमा गम्भीर छलफल भएको बताए ।

उनले सरोकारवाला निकायबीच समन्वय, व्यावहारिक नीति र जनमैत्री निर्णय आवश्यक रहेकोमा आफूहरुले भेटमा जोड दिएको जानकारी दिए । सडक डिभिजन कार्यालय हेटौंडाले गत मङ्सिर ५ गते १५ दिने सूचना प्रकाशित गरी हेटौंडाको रातोमाटेदेखि सामरीपुल र बुद्धचोक हुँदै राप्ती पुलसम्म करिब नौ किमी सडकखण्डको दायाँबायाँ २५/२५ गजभित्र सडकको क्षेत्रमा रहेका घर भत्काउन सूचना प्रकाशित गरेको थियो ।

मंसिर २० गते रातोमाटे देखि बुद्धचोक हुँदै राप्तीपुल (महेन्द्र राजमार्ग) र बुद्धचोकदेखि चौकीटोल (त्रिभुवन राजपथ)सम्मको ९.५ किलोमिटरमध्ये करिब सात किलोमिटर क्षेत्रमा सडक सीमाभित्र परेका पाँच सयभन्दा बढी घरटहरा डिभिजन सडक कार्यालयले जेसिबी प्रयोग गरी भत्काएको थियो ।

## यातायात कार्यालय बालाजुद्वारा शिलबन्दी प्रस्तावका बाँकी प्रक्रिया स्थगन




साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ काठमाडौंको बालाजुस्थित यातायात व्यवस्था कार्यालयले शिलबन्दी प्रस्ताव आह्वानसम्बन्धी प्रक्रियाका बाँकी चरण अर्को सूचना नभएसम्मका लागि स्थगन गरेको छ ।

बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालय मातहत रहेको यस कार्यालयले आइतबार सूचना जारी गर्दै विभागीय मन्त्रीको निर्देशनअनुसार यो निर्णय गरिएको जनाएको हो । कार्यालयका अनुसार आइतबार दिउँसो १ बजेसम्म भएका शिलबन्दी प्रस्ताव फाराम दर्ताको कार्यलाई यथावत् राखिएको छ । तर, सो समयपछिका प्रचलित ऐन र कानूनबमोजिमका सूचनाका अन्य बाँकी चरण भने मन्त्रीको स्थगन आदेश प्राप्त भएकाले हाललाई रोकिएको सूचनामा उल्लेख छ ।

यसअघि कार्यालयले गत मङ्सिर २६ गते शिलबन्दी प्रस्ताव आह्वानको सूचना प्रकाशित गरेको थियो । सोही सूचनाका आधारमा पुस ११ गतेसम्म प्रस्ताव फाराम बिक्री गर्नेकार्य सम्पन्न भई केही फाराम दर्तासमेत भइसकेका थिए ।

स्थगन गरिएका प्रक्रिया कहिलेदेखि पुन: सुचारु हुने भन्नेबारे कार्यालयले अर्को सूचनामार्फत् जानकारी गराउने बताएको छ । यातायात व्यवस्था कार्यालय, बालाजुले ट्रायल सेन्टर सञ्चालनका लागि ०८२ मंसिर २६ गते सूचना प्रकाशित गरी सिलबन्दी प्रस्ताव आह्वान गरेको थियो । तर, प्रक्रिया सुरु भएको केही समयमै मन्त्री थापाले आफ्नै लेटरहेड प्रयोग गरी सातबुँदे निर्देशनसहित सूचना तत्काल स्थगन गर्न आदेश दिएका हुन् ।

मन्त्री थापाले पठाएको पत्रमा ट्रायल सेन्टर छनोटसम्बन्धी सूचना स्थगन गर्न सातवटा आधार उल्लेख छन् । संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, उच्चस्तरीय प्रशासनिक पुनर्संरचना निर्देशन समितिको कार्यप्रगतिमा रहेको अवस्था, प्रदेश यातायातक्षेत्र पुनरावलोकन तथा सुधार सुझाव समितिको प्रतिवेदन नआइसकेको अवस्था र सार्वजनिक लेखा समितिको निर्देशनलाई आधार बनाएर प्रक्रिया रोक्न आदेश दिइएको पत्रमा उल्लेख छ ।

पत्रमा सेवाविस्तार गर्दा जनतालाई हुने लाभ-हानि र सहजता-असहजताको वस्तुनिष्ठ अध्ययन नभएको, नयाँ संरचना थप्नुअघि प्रशासनिक पुनर्संरचना सम्बन्धी अन्तिम प्रतिवेदन कुर्नुपर्ने राजनीतिक सहमति रहेको तथा मन्त्रालयसँग समन्वय नगरी सूचना प्रकाशित गरिएको दाबी गरिएको छ ।

## हेटौंडामा १२ औं सडक खाना महोत्सव सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ मकवानपुर होटल एसोसिएसन, हेटौंडाको आयोजनामा १२ औं सडक खाना महोत्सव आइतबारदेखि हेटौंडामा सुरु भएको छ ।

'सडकमै जाऔं, सडकमै खाऔं, सडकमै रमाऔं' भन्ने आकर्षक नारासहित सुरु भएको यो महोत्सव पुस १६ गतेसम्म चार दिनसम्म सञ्चालन हुनेछ । महोत्सवको उद्घाटन हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले गर्नुभएको हो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै नगरप्रमुख लामाले सडक खाना महोत्सवले हेटौंडाको पहिचानलाई थप बलियो बनाउँदै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिन् । आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको मकवानपुर होटल एसोसिएसनका अध्यक्ष दिलिशगोविन्द जोशीले जानकारी दिए ।

महोत्सव हुप्रचौरको खेलमैदानदेखि पूर्वतर्फ फैलिएको उत्तर-दक्षिण सडकक्षेत्रमा आयोजना गरिएको छ । खाना महोत्सवमा पूर्वी नेपालको प्रख्यात परिकार भक्कादेखि नेवार समुदायमा प्रचलित योमरी, बारालगायत विभिन्न मौलिक तथा परम्परागत परिकारका स्टल राखिएका छन् । महोत्सवमा हाल ४७ वटा स्टल सञ्चालनमा रहेका छन् । यसका साथै बालबालिकाका लागि खेलउद्यान, हस्तकलाका सामग्रीका स्टलहरु पनि राखिएको आयोजकले जनाएको छ । आयोजकका अनुसार महोत्सव सञ्चालनका लागि अनुमानित १५ लाख ७२ हजार रुपैयाँ खर्च लाग्नेछ भने महोत्सवबाट ७० देखि ८० लाख रुपैयाँसम्मको कारोबार हुने अपेक्षा गरिएको छ ।

महोत्सवमा हेटौंडा तथा मकवानपुर जिल्लाका साथै बाहिरी जिल्लाबाट र सीमावर्ती छिमेकी भारतबाट अवलोकनकर्ताको सहभागिता रहने अनुमान गरिएको छ । महोत्सव सफल बनाउन हेटौंडा उपमहानगर पालिकाबाट ४ लाख रुपैयाँ तथा संस्कृति तथा पर्यटन मन्त्रालयबाट १ लाख ५० हजार रुपैयाँ आर्थिक सहयोग प्राप्त भएको आयोजकले जनाएको छ । महोत्सवअवधिभर दर्शकलाई मनोरञ्जन प्रदान गर्न स्थानीय तथा राष्ट्रिय कलाकारको नृत्य, गायन तथा ब्याण्ड प्रस्तुति रहनेछ ।

उद्घाटन समारोहमा होटल व्यवसायी महासंघ नेपालका केन्द्रीय अध्यक्ष दिनेशकुमार चुके, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, हेटौंडा-२ का वडाअध्यक्ष विष्णुगोपाल महर्जन, हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देल, हेटौंडा-११ का वडाअध्यक्ष जुना दाहाललगायतको आतिथ्यता थियो ।

सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.को

**१५ औं वार्षिक साधारणसभा तथा चौथो अधिवेशन सम्बन्धी सूचना**

मिति २०८२/०८/१४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाका १५ औं वार्षिक साधारणा सभा तथा चौथो अधिवेशन निम्न विषयहरुमा टलफल गरी निर्णय तथा पारित गर्न तपशिल अनुसारको निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त सभामा यहाँहरुको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**छलफलका विषयहरु :**

१. साधारण सभाको वैधानीकता सम्बन्धमा ।
२. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. ०८१/८२ को लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
४. आर्थिक प्रतिवेदन तथा चालु आ.व. २०९२/८३ को वार्षिक अनुमानित बजेट सम्बन्धमा ।
५. लेखा समिति तथा ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा
६. आ.व. ०८२/८३ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा
७. संस्था एकीकरण सम्बन्धमा ।
८. विनियम संसोधन सम्बन्धमा ।
९. निति तथा कार्यविधि संसोधन तथा अनुमोदन सम्बन्धमा ।
१०. शेयर लाभांश र संरक्षित पूंजी फिर्ता कोष सम्बन्धमा ।
११. निष्कृय शेयर सदस्य सम्बन्धमा ।
१२. पन्ध्रौं वार्षिक साधारण सभाको माइन्युट प्रमाणित गर्नकालागि सदस्यहरुको छनौट सम्बन्धमा ।
१३. चौथो अधिवेशन सम्बन्धमा ।
१४. विविध ।

**तपशिल:**
मिति : २०८२ पुष १९ गते शनिबार
स्थान : गोरक्षेश्वर धाम, राप्ती तट, हेटौंडा-१०
समय : विहान १०:३० बजे देखि

सचिव
आशा ढकाल
सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-१०, राप्तीरोड



साझाकुरा

## हाम्रो कुरा

# धान उत्पादन बृद्धि ?

बागमती प्रदेशका जिल्लामा यसवर्ष धानबाली उत्पादनमा सामान्य वृद्धि भएको छ । तर, यसो भन्दैमा बागमती प्रदेश धानचामलमा आत्मनिर्भर भने छैन । यो प्रदेशका ठूला सहरमा 'दिल्लीगेट मन्सुली, लालकिल्ला मन्सुली' जस्ता भारतीय ब्राण्डका चामल अधिक बिक्री भइरहेको छ । हाम्रो तराईका फाँटमा उत्पादन हुने गुणस्तरीय धान सस्तो मूल्यमा भारतीय ब्यापारीले खेतबाटै उठाउँछन् । केही समय गोदाम गरेर त्यही धानको चामल दोब्बर मूल्यमा नेपाल भित्रिएको हुन्छ । त्यो पनि भारतीय ब्राण्डमा । हामीले हाम्रो खेतबाट रैथाने जातका धानबालीलाई उन्मुक्ति दिइसक्यौं । अवका दिनमा हाम्रा रैथाने धानबाली हाम्रो खेतका गरामा झुल्ने छैनन् । तैपनि हामी थोरै धान उत्पादन बढ्दा पनि मख्ख परिरहेका छौं । बागमती प्रदेश कृषि विकास निर्देशनालयका अनुसार बागमती प्रदेशका जिल्लामा अघिल्लो वर्षको तुलनामा यसवर्ष धान उत्पादनमा शून्य दशमलव २५ प्रतिशतले वृद्धि भएको हो । अघिल्लो वर्षको तुलनामा यसवर्ष बाढीपहिरोको प्रभाव कम परेको र रोगकीराको प्रकोप पनि कम भएकाले धान उत्पादनमा वृद्धि भएको बागमती प्रदेशको कृषि विकास निर्देशानलयका सूचनाअधिकारी तथा कृषिअर्थविज्ञ नवीन कुँवरले जानकारी दिएका छन् । बागमती प्रदेशमा चालु आर्थिक वर्ष २०८२/८३ मा कूल एक लाख आठ हजार ८२० हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकामा प्रतिहेक्टर ४ दशमलव १५ मेट्रिकटनका दरले चार लाख ५१ हजार ७८ मेट्रिकटन धान उत्पादन भएको छ ।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा कूल एक लाख पाँच हजार ४१५ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकोमा प्रतिहेक्टर तीन दशमलव ८७ मेट्रिकटनका दरले चार लाख आठ हजार ३१६ मेट्रिकटन धान उत्पादन भएको थियो । यस्तै आर्थिक वर्ष २०८०/८१ मा एक लाख नौ हजार १५१ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकामा चार लाख १३ हजार ९८८ मेट्रिकटन धान उत्पादन भएको थियो । बागमती प्रदेशको सबैभन्दा बढी धानखेती हुने चितवनमा यसवर्ष २७ हजार ३२५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव ९६ मेट्रिकटनका दरले एक लाख ३५ हजार ५३२ मेट्रिकटन धान उत्पादन भएको छ । यस्तै नुवाकोटमा ११ हजार ६१५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव १३ प्रतिशतका दरले ४७ हजार ९७८ मेट्रिकटन र धादिङमा ११ हजार १५९ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव २३ प्रतिशतका दरले ४७ हजार २०३ मेट्रिकटन धान यसवर्ष उत्पादन भएको उनले बताए । उपत्यकाको काठमाडौंमा यसवर्ष तीन हजार ६०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव ९८ प्रतिशतका दरले १७ हजार ९२८ मेट्रिकटन, ललितपुरमा चार हजार १२८ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव ७८ प्रतिशतका दरले १९ हजार सात सय ३२ मेट्रिकटन र भक्तपुरमा दुई हजार ६९७ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर पाँच दशमलव ५३ प्रतिशतका दरले १४ हजार ९१४ मेट्रिकटन धान उत्पादन भएको छ ।

यसवर्ष मकवानपुरमा आठ हजार ४९३ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ८८ प्रतिशतका दरले ३२ हजार नौ सय ५१ मेट्रिकटन, सिन्धुलीमा १२ हजार ३८५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ७६ प्रतिशतका दरले ४६ हजार ५६८ मेट्रिकटन, काभ्रेमा आठ हजार १९८ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव २१ प्रतिशतका दरले ३४ हजार ५१४ मेट्रिकटन, रामेछापमा सात हजार ४६६ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर दुई दशमलव ६९ प्रतिशतका दरले २० हजार ८४ मेट्रिकटन र सिन्धुपाल्चोकमा सात हजार ९०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ०३ प्रतिशतका दरले २३ हजार ९३७ मेट्रिकटन धान उत्पादन भएको जनाएको छ । दोलखामा दुई हजार ७५८ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर दुई दशमलव ६५ प्रतिशतका दरले सात हजार ३०८ मेट्रिकटन र रसुवा जिल्लामा एक हजार ९५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर दुई दशमलव २२ प्रतिशतका दरले दुई हजार ४३१ मेट्रिकटन धान उत्पादन भएको छ । समयमा वर्षा र रोगकीराको प्रकोप कम भएकाले यसवर्ष धान उत्पादन दर बढेको छ । अघिल्लो वर्ष २०८१ असोज ११ र १२ को वर्षा र बाढीपहिरोका कारण धानबालीमा क्षति पुगेकाले अघिल्लो वर्ष धान उत्पादनमा एक दशमलव ३७ प्रतिशतले ह्रास आएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस १५ गते मंगलबार ३० डिसेम्बर २०२५ । एकादशी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५६ सूर्यास्त ५:१७ । तमु (गुरुङ) ल्होसार । कवि शिरोमणि लेखनाथ जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिककार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# जिम्मेवारी बोक्न तम्सेका बालेनलाई नमागेको सुझाव



✍ जगन्नाथ लामिछाने

देश विस्तारै चुनावमय बन्दैछ । नागरिक सरकार आगामी फागुनमा निर्वाचन गराउने जिम्मेवारी बोकेर अघि बढिरहेको छ । अहिलेको राजनीतिक जटिलताबाट अगाडि बढ्न चुनावको विकल्प पनि छैन । एकातिर परम्परागत राजनीतिक दलहरू आफैं नेतृत्वको अन्योलमा छन्, अर्कोतिर नयाँ राजनीतिक दलहरूको बाढी लागेको छ ।

यही अन्योल, निराशा र राजनीतिक रित्तताको पृष्ठभूमिमा काठमाडौं महानगर पालिकाका मेयर बालेन शाह एक निर्वाचित जनप्रतिनिधि मात्र होइन, एउटा राजनीतिक परिघटनाका रूपमा उभिएका छन् ।

मैले विना कुनै अतिशयोक्ति भन्न सक्छु- बालेन शाह पछिल्ला दशकहरूमा देखिएको सबैभन्दा लोकप्रिय युवा राजनीतिक नेतृत्व हुन् । उनको लोकप्रियता कुनै एक वर्ग, क्षेत्र वा पृष्ठभूमिमा सीमित छैन । राजनीतिबाट ठगिएको महसुस गरिरहेको युवा पुस्तामा उनको प्रभाव असाधारण छ । स्पष्ट र कहिलेकाहीं कठोर भाषा, आत्मविश्वास, जरा गाडेर बसेका स्वार्थ समूहसँग ठोक्किने साहस र 'काम गरेर देखाउने' शैलीले उनलाई आशाको प्रतीक बनाएको छ– र सँगसँगै विवादको केन्द्र पनि ।

यी पात्रले अहिलेको राजनीतिक परिवेशमा के निर्णय लेलान् भन्ने चासो सबैतिर थियो । यही चासोका बीच बालेन शाहले राजनीतिक दल गठन गर्ने र परम्परागत शक्तिहरूसँग संस्थागत रूपमा नै राजनीतिक प्रतिस्पर्धामा उत्रिने निर्णय लिएका छन् । यो निर्णय आफैंमा स्वागतयोग्य छ । जब ठूलो राजनीतिक सम्भावना बोकेको पात्र लोकतान्त्रिक जिम्मेवारीको भारी बोक्न अगाडि सर्छ, उसले प्रशंसा मात्र होइन, प्रश्न र बहस पनि सामना गर्नुपर्छ । यो लोकतन्त्रको स्वभाव हो । त्यसैले, बालेन अब खुला राजनीतिमा प्रश्न र बहसको लागि तयार छन् ।

बालेनले नेपाली युवापुस्तामा राजनीतिप्रति एक किसिमको पुनर्जागरण ल्याएका छन् । आज उनी केवल युवापुस्ताका नेता मात्र होइनन्, नेपालको लोकतान्त्रिक पुनर्जागरणका प्रतिनिधि पात्र पनि हुन् । उनले स्वीकारे पनि अस्वीकार गरे पनि जेनजी आन्दोलनको केन्द्र बालेन नै हुन् ।

उनले अब निर्माण गर्न खोजेको राजनीतिक संस्थाले भविष्यमा युवाले लोकतन्त्रलाई कसरी बुझ्ने, लोकतन्त्रलाई युवाले कसरी विश्वास गर्ने, मूल्याङ्कन गर्ने भन्ने कुरामा गहिरो प्रभाव पार्नेछ । त्यसैले बालेन जस्ता पात्रप्रति पूर्ण समर्थन वा पूर्ण विरोध दुवै गलत हुन्छन् । उनलाई उनको काम अनुसार समर्थन वा विरोध खुलेर गर्नुपर्दछ ।

**अवसर : दुर्लभ राजनीतिक क्षण**

नेपालको राजनीतिक इतिहासमा यस्ता अवसर बारम्बार आउँदैनन् । अधिकांश नेता पार्टी संरचना, विरासत र गुटबन्दीको भरमा उदाएका छन् । तर बालेन शाहको सबैभन्दा ठूलो राजनीतिक पूँजी नैतिक वैधता हो । काठमाडौंमा उनले प्राप्त गरेको मत एउटा मेयर उम्मेदवारको साधारण विजय मात्र थिएन । त्यो देशभरि फैलिएको वैकल्पिक राजनीतिप्रतिको आकांक्षाको संकेत थियो ।

उनले दलालीभन्दा दक्षता, भाषणभन्दा कार्य र सम्झौताभन्दा परिणाम रोज्ने नेतृत्वको चाहना प्रतिनिधित्व गरे । राष्ट्रिय राजनीतिमा भर्खरै पाइला राख्दै गरेका बालेनसँग आफ्ना प्रतिस्पर्धीहरूभन्दा केही फाइदा छन्– परम्परागत दलहरूले बोकेको विचारधाराभन्दा माथि उठेको पोस्ट-आइडियोलोजिकल अपिल, युवा र पहिलो पटक मतदान गर्ने समूहमा बलियो पकड, निर्णय क्षमताको छवि र पुराना शक्ति सञ्जाल र बिचौलियाबाट प्रभावित नहुने स्वतन्त्र छवि ।

यही कारणले उनी सम्भावनाको केन्द्रमा छन् । तर यही कारणले उनी जोखिमको केन्द्रमा पनि छन् ।

**जोखिम : कार्यक्षमताको नाममा लुकेको अधिनायकवाद**

बालेन शाहमाथि लाग्ने सबैभन्दा गम्भीर आरोपमध्ये एक हो- उनको अधिनायकवादी झुकाव । दलीयकरणले अस्तव्यस्त बनाएको राजनीतिक प्रणालीमा दृढ निर्णयलाई प्रशंसा गरिनु स्वाभाविक हो । तर लोकतन्त्र व्यक्तिगत नायकत्व वा कार्यक्षमतामा मात्र टिक्दैन । लोकतन्त्र संवाद, प्रक्रिया, समावेशिता, संस्थागत सम्मान र उत्तरदायित्वमा टिक्छ ।

विश्व राजनीति हेर्दा एउटा खतर नाक ढाँचा देखिन्छ । व्यवस्था तोड्ने नारा बोकेर आएका करिश्म्याटिक नेताहरू क्रमश: आफूले आलोचना गरेको व्यवस्था जस्तै बन्दै जान्छन् । लोकप्रियता परामर्शको विकल्प बन्छ । सामाजिक सञ्जालले संस्थागत वैधताको स्थान लिन्छ । "जनताको नाम" आलोचनाबाट बच्ने ढाल बन्छ ।

बालेन शाहको जोखिम नियत खराब हुनु होइन । जोखिम यो हो कि 'म सही छु' भन्ने आत्मविश्वासले असहमति राख्नेहरूलाई निषेधको राजनीतिक सिकार बनाउन सक्छ । नेपालको इतिहास- राजतन्त्रदेखि अधिनायकवाद र क्रान्तिसम्म - यही सिकाउँछ कि शक्ति व्यक्तिकेन्द्रित भयो भने नतिजा सधैं दु:खद् हुन्छ । देउवा, ओली र प्रचण्ड व्यक्ति-केन्द्रित शक्तिको पछिल्ला उदाहरण हुन्, जसको मूल्य देशले तिरिरहेको छ ।

बालेन शाहलाई उनले नमागेको केही सल्लाहहरू यहाँ छन्:

**पहिलो सल्लाह : शक्ति खोज्नुअघि संस्था निर्माण**

बालेन शाहका लागि सबैभन्दा महत्वपूर्ण सल्लाह सरल छ, तर व्यवहारमा कठिन–निर्वाचन जित मात्र सबै कुरा होइन । पार्टी जित्दैमा लोकतन्त्र संस्थागत हुन्छ भन्ने ग्यारेन्टी हुँदैन ।

कांग्रेस, एमाले वा माओवादीलाई हराउने उद्देश्यले मात्र पार्टी खोल्नु ठूलो कुरा होइन । यसले सिट दिलाउन सक्छ, तर दिगो राजनीतिक शक्ति निर्माण गर्दैन । आन्तरिक लोकतन्त्र नभएको पार्टीले फेरि अर्को व्यक्तिकेन्द्रित संरचना जन्माउँछ र नेपाललाई त्यस्तो राजनीति अब चाहिएको छैन ।

राष्ट्रिय राजनीतिमा जानुअघि बालेनले निर्माण गर्ने पार्टीले आन्तरिक लोकतन्त्र, आर्थिक पारदर्शिता, स्पष्ट संगठनात्मक संरचना र संस्थागत निर्णय प्रक्रिया व्यवहारमै देखाउनुपर्छ । पार्टी उनको व्यक्तित्वको विस्तार मात्र बन्यो भने, त्यो पुरानै केन्द्रीकृत संस्कृतिको पुनरावृत्ति हुनेछ ।

**दोस्रो सल्लाह : गठबन्धन मूल्यमा आधारित हुनुपर्छ**

बालेन शाह विभिन्न राजनीतिक शक्तिसँग संवादमा रहेको खबर उत्साहजनक पनि छ, चिन्ताजनक पनि । उत्साहजनक यस अर्थमा कि उनले एक्लैले देश बदल्न नसक्ने यथार्थ स्वीकार गरेका छन् । तर चिन्ताजनक यस अर्थमा कि "परम्परागत दललाई हराउने" मात्र उद्देश्य भएको गठबन्धन दीर्घकालीन हुँदैन ।

उनले भेटेका धेरै पात्रहरू कुनै न कुनै विवाद, कुण्ठा वा असफलताको बोझ बोकेका देखिन्छन् । यस्ता स्वार्थ र आक्रोशबाट बनेका अस्वाभाविक गठबन्धनको आयु छोटो हुन्छ, तर क्षति दीर्घकालीन ।

गठबन्धन गर्नुअघि बालेनले आफैंलाई सोध्नुपर्छ– उनी आफैं र उनीसँग गठबन्धन गर्न उत्साहितहरूको न्यूनतम लोकतान्त्रिक प्रतिबद्धता के हो ? शासन प्रणाली र मूल्यमा साझा दृष्टिकोण छ कि छैन ? केवल चुनाव जित्नका लागि गरिएको गठबन्धनले अन्तत: लोकतन्त्रलाई नै पराजित गर्छ ।

**तेस्रो सल्लाह : मेयरबाट राष्ट्रिय नेता– सिकाइको चरण स्वीकार्नुहोस्**

महानगर चलाउनु र देश चलाउनु एउटै कुरा होइन । मेयरले निर्देशन दिन सक्छन्ह राष्ट्रिय नेताले संविधान, संघीय संरचना, सुरक्षा संयन्त्र, कूटनीति र गठबन्धन सन्तुलन बुझ्नुपर्छ ।

मेयर बालेनका केही असन्तुलित अभिव्यक्तिले समय-समयमा विवाद पनि जन्माएका छन् । राष्ट्रिय राजनीतिमा उनले आफैंलाई कसरी सन्तुलित राख्छन्, यही कुराले उनको दीर्घकालीन राजनीतिक आयु निर्धारण गर्नेछ ।

त्यसैले पार्टी निर्माणकै चरणमा आलोचकहरूसँग संवाद गर्नुपर्छ । परिपक्व नेतृत्व सबै कुरा जान्ने हुनुमा होइन, राम्रा मान्छेहरूको समूह निर्माण, विनम्रता र सुन्ने क्षमतामा पनि मापन हुन्छ ।

**चौथो सल्लाह : युवाको समर्थन जिम्मेवारी हो**

बालेन शाहको सबैभन्दा ठूलो शक्ति युवा पुस्ताको समर्थन हो । आज उनको एउटा फेसबुक स्टाटसले राजनीतिक तरंग ल्याउन सक्छ । उनी आफ्नो फेसबुक स्टाटसकै भरमा सरकार ढाल्न पनि सक्छन् । त्यसैले युवाको सपनामाथि सबैभन्दा ठूलो जिम्मेवारी पनि उनैको हो ।

युवा पुस्ताले नयाँ नेता मात्र खोजेको होइन । उनीहरूले नयाँ राजनीतिक संस्कार खोजिरहेका छन् । यदि युवालाई केवल भावनात्मक समर्थनको स्रोत बनाइयो भने, निराशा अझ गहिरो हुनेछ ।

**पाँचौं सल्लाह : लोकतान्त्रिक सुधारक बन्नुहोस्, शर्टकट होइन**

नेपालको लोकतन्त्र धेरै बहस भएर कमजोर भएको होइन । कुशल व्यवस्थापकीय क्षमता र उत्तरदायित्व बहन गर्न सक्ने नेतृत्व नहुँदा कमजोर भएको हो । सुधारका नाममा प्रक्रिया छल्ने लोभले लोकतन्त्रलाई नै धराप बनाउँछ ।

बालेनले आफैंलाई स्पष्ट गर्नैपर्छ- उनी संस्था बलियो बनाउने नेता बन्न चाहन्छन्, कि संस्था बदल्ने नाममा आफैं संस्था बन्न चाहन्छन्? लोकतान्त्रिक नेताले संस्था बलियो बनाउँछन् । अलोकतान्त्रिक नेताले शर्टकट खोज्छन् ।

**निष्कर्ष : सत्ता जित्न सजिलो छ, योग्य साबित हुन कठिन**

नेपालमा महत्वाकांक्षी नेताको कमी छैनह संयमित र सक्षम नेताको कमी छ । हिजोआज ज्वागलमा देखिएको बालेनको र ाजनीतिक सक्रियता उनको व्यक्तिगत भविष्यसँग मात्र जोडिएको छैनह यो नेपालको भविष्यसँग जोडिएको छ । उनले राजनीतिलाई आफूभन्दा ठूलो बनाउँछन् कि राजनीतिभन्दा आफूलाई ठूलो बनाउँछन्– यो प्रश्न खुला छ ।

**बालेनलाई मेरो सल्लाह यत्ति हो :**

राजनीति गर्ने शैली नै फरक बनाएर पुराना दललाई अप्रासंगिक बनाउनुहोस् । नयाँ सम्भावना देखाएर निर्वाचन जित्ने दल धेरै छन्, तर देश पटक-पटक हारेको छ । अब नेपाललाई नयाँ चुनाव जित्ने होइन- राजनीति र नेतृत्वको अर्थ नै पुनर्परिभाषित गर्ने नेतृत्व चाहिएको छ ।

*(साभार: अनलाइनखबर)*

# विकल्पको राजनीतिक इन्जिन: रवि लामिछाने

✍ दिवस खनिया

> नेपालको राजनीतिमा 'विकल्प' शब्द नयाँ होइन तर यसको प्रयोग पछिल्ला वर्षहरूमा असाधारण रूपमा बढेको छ । यो शब्द नारामा सीमित रहँदा जनतालाई क्षणिक उत्साह त दियो तर संस्थागत रूपान्तरण दिन सकेन । यही पृष्ठभूमिमा रवि लामिछानेको उदयलाई बुझ्नुपर्छ ।

नेपालको समकालीन राजनीतिमा हालै देखिएको एउटा दृश्य अत्यन्त प्रतीकात्मक छ । केही समयअघिसम्म कारागारमा रहेका रवि लामिछाने रिहाइपछि सडकमा स्वत:स्फूर्त जनसागरबिच उभिएका थिए । त्यो भीड कुनै दलको नियमित कार्यकर्ता मात्रै थिएन, न त कुनै सरकारी संयन्त्रबाट परिचालित जमात । त्यो दृश्यलाई राजनीतिक समाजशास्त्रको भाषामा 'वैधता पुनर्निर्माण' को क्षण भन्दा फरक नपर्ला ।

व्यक्तिगत विवाद, कानुनी प्रश्न र आलोचनाबिच पनि उनले अदालतको प्रक्रिया स्वीकार गरे । कानुनको शासनमाथि चुनौती दिएनन् । यही संयम र कानुनी मान्यताप्रतिको स्वीकृतिले उनको राजनीतिक इमानदारितामाथि उठाइएका धेरै प्रश्नहरूलाई पुनर्विचारको चरणमा पुर्‍याइदिएको छ । नेपाल जस्तो सङ्क्रमणकालीन लोकतन्त्रमा जहाँ कानुनलाई सुविधा अनुसार मोडिएको इतिहास छ । कानुनको सामना गरेर निस्किएको एउटा राजनीतिक पात्रले जनविश्वास पुनर्आर्जन गर्नु आफैमा असामान्य घटना हो ।

नेपालको राजनीतिमा 'विकल्प' शब्द नयाँ होइन तर यसको प्रयोग पछिल्ला वर्षहरूमा असाधारण रूपमा बढेको छ । यो शब्द नारामा सीमित रहँदा जनतालाई क्षणिक उत्साह त दियो तर संस्थागत रूपान्तरण दिन सकेन । राजनीतिक अर्थशास्त्री एडम प्रजेवोर्स्कीले लोकतन्त्रलाई 'अनिश्चित परिणामसहितको सुनिश्चित प्रक्रिया' भनेका छन् ।

नेपालमा प्रक्रिया त निरन्तर चलिर ह्‍यो तर परिणाम सधैँ उही अनुहार र उही संर चनामा सीमित रह्‍यो । ०४६, ०६२/६३, मधेस आन्दोलनदेखि संविधान निर्माणसम्मका सबै राजनीतिक उभारले परिवर्तनको आकांक्षा जन्माए तर त्यो आकांक्षा राज्य संरचनामा स्थायी रूपमा रूपान्तरण हुन सकेन । यही असफलता, यही दोहोरिएको निराशाले नै विकल्पको खोजीलाई केवल भावनात्मक होइन, संरचनात्मक आवश्यकता बनायो ।

यही पृष्ठभूमिमा रवि लामिछानेको उदयलाई बुझ्नुपर्छ । उनी कुनै परम्परागत राजनीतिक प्रशिक्षण, विद्यार्थी राजनीति वा वंशाणुगत दल संरचनाबाट आएका नेता होइनन् । उनी मिडियाबाट आएका हुन् । म्याक्स वेबरले वर्णन गरेको 'करिश्म्याटिक लेजेटिमेसी' यस्तै अवस्थामा जन्मिन्छ, जब विद्यमान प्रणालीप्रति विश्वास खस्किन्छ र जनता असाधारण व्यक्तित्वतर्फ आकर्षित हुन्छन् । रवि लामिछाने त्यो करिश्माको उत्पादन मात्र होइनन्, निराश संस्थागत व्यवस्थाको प्रतिक्रिया पनि हुन् ।

तथ्याङ्कहरूले यो करिश्मालाई पुष्टि गर्छन् । निर्वाचनमा देखिएको मतपरिणाम, परम्परागत संगठनबिना पनि भरिएका जनसभा, सामाजिक सञ्जालमा देखिएको निरन्तर संलग्नता र हालैको रिहाइपछिको जनउपस्थिति कुनै क्षणिक लोकप्रियताको परिणाम होइन । राजनीतिक विश्लेषक पिप्पा नोरिसले भनेझैँ, जब 'प्रतिनिधित्व अन्तर' बढ्छ, तब मतदाता वैकल्पिक आवाजतर्फ जान्छन् । नेपालमा त्यो अन्तर दशकौँदेखि बढ्दै गएको थियो र त्यसको केन्द्रमा रवि लामिछाने देखिएका छन् ।

अन्तर्राष्ट्रिय अनुभव हेर्दा यो नयाँ भने होइन । डोनाल्ड ट्रम्प अमेरिकामा परम्परागत राजनीतिक प्रतिष्ठान विरुद्ध उभिए । इमानुएल म्याक्रों फ्रान्समा पुराना दल संरचनालाई छलेर उदाए । युक्रेनका भोलोदिमिर जेलिन्स्की मनोरञ्जन उद्योगबाट सिधै राष्ट्रपतिको कार्यालय पुगे । यी सबै उदाहरणमा एउटा साझा तत्त्व छह व्यक्ति संस्थाभन्दा अगाडि आए र व्यक्तिले संस्थालाई पुनर्संरचना गर्ने प्रयास गरे ।

राजनीतिक वैज्ञानिक फ्रान्सिस फुकुयामाले यसलाई अवसर र जोखिम दुवै भएको चरण भनेका छन् । अवसर किनकि पुराना संर चना हल्लिन्छन्, जोखिम किनकि संस्था कमजोर रह्‍यो भने व्यक्ति नै सर्वेसर्वा बन्न सक्छ । रवि लामिछानेको जीवन विवादरहित छैन । उनले पनि बारम्बार स्वीकार गरेका छन् कि उनी त्रुटिरहित होइनन् । व्यक्तिगत जीवनका विवाद, नागरिकतासम्बन्धी प्रश्न, सहकारी सम्बन्धी मुद्दा आदि सबै उनका राजनीतिक यात्राका हिस्सा हुन् । तर यहाँ मूल प्रश्न निर्दोष वा दोषीको कानुनी फैसला होइन । सार्वजनिक जीवनमा ती विवादहरूको राजनीतिक अर्थ के हो भन्ने हो ।

उनले अदालतको सामना गरे, प्रक्रिया माने, धरौटीमा रिहाइपछि पनि न्याय प्रणालीलाई अस्वीकार गरेनन् । नेल्सन मण्डेला, भ्याक्लाभ हाभेल, यहाँसम्म कि आङ सान सुचीले पनि कुनै न कुनै चरणमा कारागारलाई राजनीतिक पुँजीमा रूपान्तरण गरेका थिए । इतिहासले देखाउँछ, कहिलेकाहीँ जेल लोकतान्त्रिक सैर्षको अन्तिम होइन नयाँ अध्यायको सुरुवात हुन्छ ।

यहाँ राज्यसत्ता, न्यायालय र राजनीति बिचको सम्बन्धबारे उठेको बहस पनि टार्न मिल्दैन । उनी जेलमा हुँदा र रिहा हुँदा देखिएको राजनीतिक वातावरणको भिन्नताले शक्ति संरचनाको अस्थिरता देखाउँछ । यो संयोग मात्र हो कि संर चनात्मक प्रभाव, त्यो बहस खुलै छ । तर यो लेखको उद्देश्य फैसला सुनाउनु होइन, यथार्थको जटिलता देखाउनु हो ।

अझ रोचक प्रश्न के हो भने किन कोही व्यक्ति जेलभित्र हुँदा पनि राजनीतिको केन्द्रमा रहन्छ तर कोही सत्ता केन्द्रमा हुँदा पनि जनताबाट टाढिँदै जान्छ ? गुस्ताभ ले बोनको भीड मनोविज्ञानले भीड भावनाले चल्ने बताउँछ तर नेपालको वर्तमान सन्दर्भमा देखिएको भीड केवल भावनात्मक छैन । त्यो लामो समयदेखि जम्मा भएको असन्तोष, अपमान र अवसर गुमेको अनुभूतिको सामूहिक अभिव्यक्ति हो । बालुवाटारको सुरक्षा घेराभित्रको एक्लोपन र कारागारभित्रको जनसम्पर्कले यही विरोधाभास उजागर गर्छ ।

रवि लामिछानेले गरेको सबैभन्दा महत्त्वपूर्ण काम के हो भने, उज्ज्वल थापापछि केही सुस्ताएको वैकल्पिक राजनीतिक यात्रालाई उनले चुनावी ऊर्जामा रूपान्तरण गरे । यदि अघिल्लो निर्वाचनमा त्यो झट्का नआएको भए आज देखिएको जेनजीको राजनीतिक सक्रियता सम्भवत: यति तीव्र हुने थिएन । कसैले माने पनि नमाने पनि यथार्थ यही नै हो ।

तर आजको चरणमा कुनै पनि राजनीतिक परियोजना एक्लै सम्भव छैन । रवि लामिछाने स्वयं पनि यो यात्राको गन्तव्यमा एक्लै पुग्न सक्दैनन् । कुलमान घिसिङको प्राविधिक विश्वसनीयता, बालेन शाहको सहरी शासनको अभ्यास, सुमना श्रेष्ठजस्ता बौद्धिक नेतृत्व र जेनजी अभियन्ताहरूको ऊर्जा, यी सबै अलग-अलग टापु बनेर होइन, साझा धार बनेर बग्नुपर्छ । समस्या प्रतिस्पर्धा होइन, सहकार्य नहुनु हो । धेरै खुद्रा पसल खोलेर होइन, साझा थोक पसल बनाएर मात्रै विकल्पको मूलधार बन्न सक्छ ।

उनको रिहाइसँगै अब केही बहसहरू लगभग खारेज भएका छन् । उनलाई कार्यकारी भूमिकाबाट हटाएर मात्र विकल्प अघि बढ्छ भन्ने तर्कहरू कमजोर परेका छन् । बरु अब गुण र दोषसहित उनलाई स्वीकार गरेर अघि बढ्नुपर्ने दबाब सबै वैकल्पिक शक्तिमाथि परेको छ । यो दबाब रविमाथि मात्र होइन, उनीसँग सहकार्य गर्न चाहने वा नचाहने सबैमाथि हो ।

अन्तत: उद्देश्य सत्ता प्राप्ति मात्र हुन हुँदैन । उद्देश्य सत्ता प्राप्त गरेर के गर्ने, किन गर्ने र कसरी गर्ने भन्ने बहस केन्द्रमा आउनुपर्छ । संविधान परिमार्जन, सेवा प्रवाह, नागरिकको दैनिकीमा प्रत्यक्ष सुधार, राज्यको जबाफदेहिता, यी विषयमा स्पष्ट योजना नआएसम्म विकल्प फेरि नारामै सीमित हुनेछ ।

हिजो राती मात्रै रवि लामिछाने र बालेन शाहबिच भएको ७ बुँदे सहमति वास्तवमै नयाँ वैकल्पिक धारको सुरुवातको महत्त्वपूर्ण पानीढलो हो भन्दा अत्युक्ति नहोला । यसले नयाँ बिहानीको स्पष्ट सङ्केत गरेको छ ।

यसैले निष्कर्ष सरल तर गम्भीर छ । रवि लामिछाने न त सम्पूर्ण समाधान हुन्, न सम्पूर्ण समस्या । उनी एउटा राजनीतिक इन्जिन हुन् । इन्धन जनआकाङ्क्षा हो र यात्रु वैकल्पिक शक्तिहरू हुन् । इन्जिन बिना रेल चल्दैन, तर इन्जिन मात्रै रेल होइन । आजको नेपाली राजनीतिलाई व्यक्ति र संस्था, भावना र नीति, विद्रोह र जिम्मेवारीबिचको सही सन्तुलन चाहिएको छ । यही सन्तुलन कायम गर्न सके विकल्प सम्भावनाबाट वास्तविकतामा रूपान्तरण हुनेछ, नत्र इतिहास फेरि दोहोरिनेछ ।

*(साभार: रातोपाटी)*

# मध्यवर्ती क्षेत्रको बास, जनावरको त्रास, बाली जोगाउनै मुस्किल

अनिल पराजुली

हेटौंडा, १३ पुस/ जङ्गली जनावर, जलवायु परिवर्तन र आर्थिक सीमितताका कारण मनहरी गाउँपालिका-७ बिजौनाका महिलाको खेती र जीविकोपार्जन दिनानुदिन चुनौतीपूर्ण बन्दै गएको छ । कृषि, पशुपालन र श्रमिक क्षेत्रमा आवद्ध यहाँका महिलाले लगाएको बाली राष्ट्रिय निकुञ्जबाट आउने जङ्गली जनावरले नष्ट गरिदिने समस्या भोगिरहेका छन् ।

पशुपालनका लागि आवश्यक घाँस र दाउरा सङ्कलन गर्न जङ्गलसम्म टाढा जानुपर्ने बाध्यता रहेको छ भने दैनिक जीवन चलाउन न्यून ज्यालामा काम गर्नुपर्ने बाध्यता रहेको उनीहरु बताउँछन् । स्थानीय सरकारबाट प्राप्त हुने सेवा सुविधा र कार्यक्रमको जानकारी नपुग्दा वा पहुँच नहुँदा यहाँका महिला धेरैजसो अवसरबाट वञ्चित हुनुपरेको गुनासो गर्छन् । जङ्गली जनावरको बढ्दो त्रास, अस्थिर मौसम र आर्थिक कमजोर अवस्थाले बिजौनाका महिलाको जीविकोपार्जन झनै असुरक्षित बन्दै गएको छ ।

पश्चिम मकवानपुरको मनहरी गाउँपालिका वडा नं. ७ बिजौनाकी ४३ वर्षीया सुस्मिता थिङ दैनिक ज्यालादारी र घरायसी काम गरेर परिवार पाल्दै आएकी छन् । ९ जना परिवारको सम्पूर्ण जिम्मेवारी सम्हाल्दै आएकी थिङका लागि हिजोआजका दिनमा जीवन सहज छैन । बिहान उठ्नेबित्तिकै जङ्गलमा दाउरा खोज्न जाने, घरेलु मदिरा बनाएर बिक्री गर्ने र सिजनअनुसार ज्याला मजदुरी गर्ने उनको दैनिकी बनेको छ । कृषिको काम पाइएमा धान रोप्ने र काट्ने, मकै रोप्ने, गोड्ने, मल बोक्ने जस्ता काम गर्छिन् भने निर्माण क्षेत्रमा ज्यामी काम र अरुको घरमा घरेलु काम गरेर परिवारको गुजारा चलाउँदै आएकी छन् ।

'बाबुआमाले दिएको एउटा घडेरी बाहेक खेतीपाती गर्ने जग्गा छैन,' थिङले भनिन्, 'दैनिक ज्यालादारीबाटै परिवार पाल्छु ।' उनका श्रीमान् गाडीचालक थिए । दुर्घटनामा परेपछि हाल घरमै बस्नुपर्ने अवस्था आएपछि परिवारको सम्पूर्ण जिम्मेवारी उनकै काँधमा आएको छ । उनको कमाइबाटै दैनिक खर्चदेखि बालबालिकाको पढाइ खर्च समेत जोहो हुँदै आएको छ । झिसमिसेमै दाउरा खोज्न जङ्गल जाने थिङले विगत सम्झिँदै भनिन्, 'पहिले २० मिनेटमै टन्नै दाउरा पाइन्थ्यो, अहिले नजिकै दाउरा पाउन छाड्यो, टाढा जानुपर्छ ।' उनले वनमा जाँदा वनपालेले दाउरा ल्याउन नदिने गरेको गुनासो पनि गरिन् । 'हामी ढलापढा दाउरा मात्रै ल्याउने हौँ,' उनले भनिन् ।

बस्ती बाक्लिँदै जाँदा जङ्गल नजिकै पाइने घाँस र दाउराको मात्रा घट्दै गएको स्थानीय महिलाको अनुभव छ । 'पहिले दुईतीन भारी दाउरा ल्याउन सकिन्थ्यो, अहिले एक भारी पुऱ्याउन पनि मुस्किल पर्छ,' उनीहरुले बताए । यस क्षेत्रका उपभोक्ता पहिले बुढीनी खोल्साको कुवाको पानी प्रयोग गर्दै आएका थिए । अहिले भने बोरिङको पानी घरघरमै पुगेको छ । २४ सै घण्टा धारामा पानी आउने भएकाले हाल पानीको समस्या नरहेको स्थानीयवासी बताउँछन् । सुरुमा बस्ती पातलो हुँदा कुवाबाट पानी ल्याउन पालैपालो कुर्नुपर्ने अवस्था भएपनि अहिले त्यो समस्या हटेको छ ।



आफ्ना समस्याबारे सुनाउँदै मनहरी-७, बिजौना टोलका महिला । तस्बिर: अनिल पराजुली ।

तर, बस्ती बाक्लिँदै जानु, रुख कटान बढ्नु र क्रसर उद्योग सञ्चालनमा आउनुका कारण पानीका स्रोत भने क्रमश: घट्दै गएको स्थानीयको भनाइ छ ।

स्थानीय ४८ वर्षीया देवमाया वाइबा व्यवसाय गरेर परिवार पाल्दै आएकी छन् । पहिले बाख्रा पालनमार्फत् जीविकोपार्जन गर्दै आएकी वाइबाले नजिकै घाँस पाउन छाडेपछि बाख्रा पालन त्यागेर साना व्यवसाय सुरु गरेकी हुन् । उनका अनुसार, पहिले जङ्गल नजिकै प्रशस्त घाँस पाइने भएपनि पछिल्लो समय त्यो अवस्था रहेन । 'अब रुखमा चढेर घाँस झार्न पनि सक्दिनँ,' उनले भनिन्, 'त्यसैले बाख्रापालन छाडेर चिया र खाना खुवाउने होटल व्यवसाय सुरु गरेकी हुँ ।'

वाइबाका श्रीमान् यही क्षेत्रको रोटरी विद्यालयको सवारी चालक हुन् । 'श्रीमान् सवारी चलाउनुहुन्छ, म चिया-खाजा बेच्ने व्यवसाय गर्छु । अरु काम गर्न नसक्ने भएपछि यही कामबाटै परिवारको जीविका चलाइरहेकी छु,' उनले भनिन् । घाँस र वनस्रोतको अभावले स्थानीय महिलाको परम्परागत पशुपालन पेशा प्रभावित हुँदै जाँदा वैकल्पिक आयआर्जनतर्फ मोडिन बाध्य भएका हुन् । यस्तै स्थानीय ५५ वर्षीया मैयाँ कार्कीको दैनिकी बिहानैदेखि सुरु हुन्छ । पशु स्याहार, गोबर फाल्ने, पशुलाई कुँडोपानी खुवाउने, घाँस काट्ने र घरको खाना पकाएर उनी खेतमा लाग्छिन् ।

उनले पशुपालन र कृषिबाटै परिवारको जीविकोपार्जन गर्दै आएकी छन् । उनले दुईवटा दुहुनो गाई पालेकी छन् र त्यही आम्दानीबाट चारजनाको परिवार पाल्दै आएकी छिन् । पशुपालनसँगै उनले कृषिकार्य पनि गर्दै आएकी छन् । कार्कीले ऐलानी दुई कठ्ठा जग्गा तथा वार्षिक २५ हजार रुपैयाँ बुझाउने सर्तमा अरुको जग्गा भाडामा लिएर खेती गर्दै आएकी छिन् । उनी सिजनअनुसार धान, गहुँ, तोरी र फापर लगाउँदै आएकी छन् । तर, जिउडीखोला क्षेत्रको दुई कठ्ठा जग्गामा लगाएको गहुँ जङ्गली गैंडाले माड्ने र खाने गर्दा हैरान भएको उनले गुनासो गरिन् । 'पहिले गैंडा तलतिर मात्रै आउँथ्यो, अहिले यही खेतमै आउँछ । गहुँ टिप्नै नपर्ने भइसकेको छ,' उनले भनिन् ।

यहीवर्ष मात्रै चारपटक निकुञ्जबाट एकसिंगे गैंडा बस्तीमा आएको र पहिलेभन्दा जङ्गली जनावरले धेरै बाली नष्ट गरेको उनको भनाइ छ । धानको सिजनमा हात्तीले धान माड्ने गरेको उनले बताइन् । बालीमा क्षति हुँदा पनि क्षतिपूर्ति नपाएको गुनासो गर्दै उनले भनिन्, 'क्षति हुँदा नम्बरी जग्गाको मात्रै राहत पाइन्छ, हाम्रो ऐलानी जग्गा हो, केही पाउँदैनौँ ।' जनावरबाट बाली क्षति हुँदा क्षतिपूर्ति पाइन्छ भन्ने जानकारी समेत नभएकाले हालसम्म निवेदन नदिएको उनले थपिन् ।

स्थानीयस्तरमै उपलब्ध बीउबिजन प्रयोग गर्ने कार्कीले बस्तुको मलसँगै रासायनिक मल र बालीमा औषधि पनि आफैं प्रयोग गर्दै आएकी छन् । एकपटक औषधि छर्कँदा स्वास्थ्य समस्या आएको अनुभव स्मरण गर्दै उनले भनिन्, 'आमा-छोरा औषधि हाल्न गएका थियौँ, म खेतमै ढलें, छोराले उठाएर घर ल्यायो ।' उनका अनुसार, अहिले बालीमा कीरा धेरै लाग्ने गरेको छ । 'जति विषादि हालेपनि कीरा भगाउन सकिएको छैन । कीरा लागिरहन्छ । पहिले विषादि भन्ने कुरा नै थिएन, बस्तुको मलले नै राम्रो बाली आउँथ्यो,' उनले भनिन् । जलवायु परिवपर्तनको असरको कारण कीराको प्रतिरोधि क्षमता बढेको विषयमा स्थानीय किसानको अनभिज्ञता देखिन्छ ।

मनहरी क्षेत्रका महिलाको साझा समस्या भनेकै जङ्गली जनावर र मौसमजन्य जोखिम हो । यहाँका धेरै महिलाले खेतीपाती र ज्यालादारीबाट परिवारको खाद्यान्न जोहो गर्दै आएका छन् । स्थानीय शर्मिला प्रजाले पाँच कठ्ठा क्षेत्रफलमा गर्दै आएको धान र मकैखेती हात्ती र गैंडाले बारम्बार नष्ट गर्ने गरेको गुनासो गरिन् । 'छ महिना कुरेर बाली भित्र्याउनुपर्छ, तर, जङ्गली जनावर पसे सबै नष्ट हुन्छ,' उनले भनिन् । तारबार गरे पनि हात्तीले भत्काउने गरेको र एलानी जग्गामा लगाएको बालीको बीमा नहुने समस्या उनले उठाइन् । 'बालीबीमा गर्न पनि धेरै खर्च लाग्ने भएकाले बीमा गर्न सकेकी छैन,' प्रजाले भनिन् ।

उस्तै समस्या सथानीय सीता पौडेलको पनि छ । 'खेती लगाउने बेला पानी पर्दैन, बेमौसममा आउने पानीले बाली बिगार्छ,' उनले बताइन् । खेतीसँगै यहाँका महिला ज्यालादारी गरेर पनि परिवार पाल्दै आएका छन् । सविता प्रजा, कान्छीमाया पहरी, अन्जना तामाङ, लक्ष्मी थिङलगायत महिलाले दैनिक ज्यालादारी गरेर परिवारको जीविकोपार्जन गर्दै आएका छन् । ४३ वर्षीया आशामाया लोको परिवार पनि पशुपालन र कृषिमै आश्रित छ । बेमौसममा परेको पानीले खेत चिसो भई जिमालाग्दा खेतीमा समस्या आएको उनले बताइन् । यद्यपि, पालिकाबाट मकै रोप्ने मेसिन, धान र मकैको बीउ तथा रासायनिक मल प्राप्त भएको उनले जानकारी दिइन् ।

त्यस्तै, ठुलीमाया लामाले लगाएको तोरी गैंडाले माडेको छ । उनले गतवर्ष असिना पानीले सबै मकै नष्ट भएको र विगतमा २०५९ सालमा आएको बाढीले धान पुरेको घटना पनि स्मरण गरिन् । स्थानीय शोभा पहरीको खेतीयोग्य जमिन छैन । उनी बाख्रापालन, जंगलमा घाँस-दाउरा संकलन र ज्याला-मजदुरी गरेर पाँचजनाको परिवार पाल्दै आएकी छिन् । उनका श्रीमान् पनि काम गर्छन् । 'दुवैजना मिलेर काम गरेर परिवार चलाइरहेका छौँ,' उनले भनिन् ।

मनहरी गाउँपालिका-७ का वडाध्यक्ष ठाकुराम तितुङले टोल विकास संस्थामार्फत आएका योजनालाई प्राथमिकताका साथ वडा कार्यालयले कार्यान्वयनमा लगेको बताए । छुटेका योजनालाई वडामा आयोजना हुने औपचारिक कार्यक्रममार्फत् पनि समेट्ने गरिएको उनले बताए ।

वडाध्यक्ष तितुङले बिजौना टोलका महिलाले उठाएका केही योजना समेटिन नसक्नुको कारण त्यहाँको टोल विकास संस्थाका अध्यक्ष सक्रिय नहुनु र योजना समयमै नआउँदको परिणाम भएको स्पष्ट पारे । वडा नं. ७ अन्य वडाको तुलनामा जङ्गली जनावरको उच्चत्रासमा रहेको स्वीकार गर्दै उनले निकुञ्ज क्षेत्रबाट आउने जंगली हात्ती र गैंडाले किसानले लगाएको बाली नष्ट गर्ने गरेको बताए । यसअघि बाघको आक्रमणमा एक जनाको मृत्यु हुनुका साथै एक जना घाइते भएको घटनासमेत स्मरण गरे ।

'निकुञ्ज नजिक भएकाले जंगली जनावर आइरहन्छन् । यहाँ खेतीयोग्य जमिन पनि छ तर, प्रत्येक वर्ष बालीमा क्षति पुग्ने गरेको छ,' वडाध्यक्ष तितुङले भने । कहिले जंगली जनावरले बाली खाइदिने त कहिले वेमौसममा परेको पानीले बाली नष्ट हुँदा कृषिपेशामा संलग्न नागरिक समस्यामा परेको उनले बताए । दीर्घकालीन समाधान गर्न नसकिएको यथार्थ पनि उनले स्वीकार गरे । यहाँका स्थानीयले ४०/५० वर्षदेखि भोगचलन गर्दै आएको जग्गाको जग्गाधनी पुर्जा नहुँदा समस्या झेल्दै आएका छन् । जंगली जनावरबाट बाली क्षति हुँदा निकुञ्जले क्षतिपूर्ति उपलब्ध गराउन नम्बरी जग्गाको लालपुर्जा माग्ने गरेपनि यहाँ अधिकांश जग्गा ऐलानी मात्र रहेको वडाध्यक्ष तितुङको भनाइ छ । वडाले सकेसम्म क्षतिपूर्तिका लागि सिफारिस गरिदिने गरेपनि किसानले वर्षौंदेखि यो समस्या भोग्दै आएको उनले बताए । जलवायु परिवर्तनका कारण पानीका स्रोत घट्दै गएको र वेमौसममा परेको पानीले धान बाली डुबेको घटनासमेत स्मरण गर्दै वडाध्यक्ष तितुङले बर्खाका कारण पूर्ण क्षति भएको धान बालीमा क्षतिको ७० प्रतिशतसम्म राहत उपलब्ध गराइएको जानकारी दिए ।

**थाहा हुँदैन वडाको योजना बारे**

बिजौना टोलमा रहेका महिलालाई गाउँपालिका र वडा कार्यालयले संचालन गर्ने कार्यक्रमबारे थाहा नहुने गरेको बताउँछन् । पूर्वपश्चिम राजमार्गको छेउमै रहेको बस्ती र बस्तीको नजिकै रहेको वडा कार्यालयमार्फत संचालन हुने योजना, अनुदानबारे आफूहरु अनविज्ञ रहेको स्थानीय सुस्मिता थिङको भनाइ छ । समूहमा बस्न थालेपछि मात्रै वडामा आउने बजेट तथा कार्यक्रमबारे थाहा भएको उनीहरु बताउँछन् । टोल विकास संस्था बारेपनि यहाँका महिला अनविज्ञ छन् । टोल विकास संस्थामा यहाँका महिलाको सहभागिता रहेको छैन ।

स्थानीय सरकारसँग जोडिने नजिकको संस्थाको रुपमा टोल विकास रहेपनि महिला टोल विकाससँग जोडिन नपाउनु र यहाँ छुट्टै टोल विकास गठन नहुनुले नजिकको सरकारसँग स्थानीयको पहुँच न्यून रहेको स्पष्ट हुन्छ । अर्को टोलमा टोल विकास संस्था गठन भएको छ रे, हामीलाई त्यसबारे केही थाहा छैन, हाम्रोमा टोल विकास संस्था पनि गठन भएको छैन, छलफलमा सहभागी महिलाले भने । बजेट निर्माण प्रक्रियामा पनि टोलको योजना टोल विकास संस्थामार्फट जाने भएपनि यो टोलका उपभोक्ता त्योबाट बञ्चित रहेका छन् । यहाँ रहेका बस्तीहरु अधिकांश ऐलानी जग्गामा बसोबास गर्दछन् ।

त्यस्तै डेढ वर्षअघि मकवानपुर महिला उत्थान समाजको सक्रियतामा स्थानीय महिलालाई शसक्तिकरण गर्नुका साथै समूह बनाएर बचत गर्ने बानीको विकास गरिएको थियो । सूर्यमुखी महिला समूहमा यहाँका महिलाले मासिक ५० रुपैयाँ बचत गर्ने गरेका छन् । कृषि, पशुपालन, श्रमिक र उद्यमशिलतामा निर्भर रहनुभएका यहाँका महिलाले महिनामा दुईपटक बैठक बसेर मासिक बचतका साथै आफूलाई परेको समस्याका विषयमा पनि समूहमा छलफल गर्ने गरेका छन् ।

मकवानपुर महिला उत्थान समाजले फिर्ता गर्न नपर्ने गरेर बाख्रापालनका लागि शोभा पहरीलाई १४ हजार रुपैयाँ र तर कारीखेतीका लागि पम्फा पौडेललाई पाँच हजार रुपैयाँ उपलब्ध गराएको छ ।

पहरीले समूहबाट प्राप्त गरेको पैसाले २ वटा बोका किनेकी छिन् भने पौडेलले कृषिका लागि प्राप्त गरेको पैसाले सिमि, साग लगाएकी छिन् । त्यस्तै, घुम्तीकोष मार्फत व्यवसाय गर्न ठुलीमाया लामाले १० हजार, सीता पौडेलले पशुपालनका लागि २५ हजार र अन्जना तामाङले १५ हजार पाएकी छिन् । लामाले प्राप्त गरेको पैसाले किराना पसल गरेकी छिन भने पौडेलले गाई पाल्न थालेकी छिन् । त्यस्तै तामाङले २ वटा बाख्रा किनेर पालिरहेकी छन् । आशामाया लोलो व्यवसाय संचालन गर्न २५ हजार पाएकी छिन् । उनले किराना पसल संचालन गरेकी हुन् । समूहले सहयोग गरेपछि आत्मनिर्भर बन्न यहाँका महिलालाई सहज भएको छ ।

# सेकेण्ड भाइस डिजीमा हेटौंडाकी अंकिता सुमार्गी बिजयी



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ विश्वको तोकप्रिय सामाजिक संस्था लायन्स ईस्टर नेशनल डिस्ट्रिक-३२५ 'एस' को सेकेण्ड भाइस डिष्ट्रिक गभर्नरमा हेटौंडाकी अंकिता सुमार्गी विजयी भएकी छिन् ।

शनिवार काठमाडौंमा भएको निर्वाचनबाट सुमार्गी कुल खसेको मत ५२ मध्ये २६ मत प्राप्त गरी निर्वाचित बनिन् । उनका निकटम प्रतिद्वन्दी जेपी यादवलाई ३ मतले पछि पार्दै बिजयी बनेकी हुन् भने अर्का उम्मदेवार उमेश साहले ३ मत प्राप्त गरेका थिए । लायन्सको विधिवत् निर्वाचनबाट सेकेण्ड भिडिजिमा बिजयी भएका सुदर्शनप्रसाद अधिकारीको निधन पश्चात् यो पद खाली भएको थियो । यो पदमा हेटौंडा क्षेत्रकै क्लबसदस्यमध्येबाट सुमार्गी र यादवले दावी गर्दै आएका थिए ।

अंग्रेजी महिनाको जुलाईदेखि कार्यकाल सुरु भएर जुनसम्म १ वर्षको कार्यकाल रहने पदमा दुबैजनाले दावेदारी नछाडेपछि शनिवार भएको तेश्रो पटकको निर्वाचनबाट सुमार्गी बिजयी बनेकी हुन् । उनले आगामी ६ महिना मात्र सो पदमा रहेर काम गर्न सक्नेछिन् । काठमाडौं, मकवानपुर र बीरगञ्ज क्षेत्रको ३ वटा एरियामा विभाजित लायन्स क्लबको सेकेण्ड भिडिजि पदमा यसअघि भएको छुट्टाछुट्टै २ पटकको निर्वाचनमा एकपटक यादवले र एकपटक सुमार्गीले बिजयी हासिल गर्दै दावेदारी कायम राख्दै आएका थिए ।

विजयपश्चात सुमार्गीले विशेष गरेर निर्वाचनकै क्रममा फाटेका मनहरुलाई पुन: जोड्ने आफ्नो प्रमुख एजेण्डा रहेको बनाउदै लायन्सलाई थप उचाईमा पुऱ्याउने प्रतिवद्धता जनाएकी छिन् ।

# रवि-बालेनको मिलनपछि मनिषाको टिप्पणी: 'विकल्प अनुहारमा होइन- दृष्टि र मूल्यमा हो'







काठमाडौं/काठमाडौं महानगरका प्रमुख बालेन शाह र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेबीच एकता गर्ने सहमति जुटेपछि राष्ट्रिय राजनीतिमा ठूलो तरंग पैदा भएको छ । आइतबार बिहान ७ बुँदे सम्झौता गरेका दुवै नेताप्रति समर्थकहरूले बधाइ तथा शुभकामना व्यक्त गरिरहेका छन् । तर, उनीहरूको सहकार्यलाई लिएर विभिन्न कोणबाट टीका-टिप्पणीहरू पनि भइरहेका छन् ।

रवि र बालेनबीच राजनीतिमा सहकार्य गर्ने सहमति भएपछि बलिउड अभिनेत्री मनिषा कोइरालाले समेत टिप्पणी गरेकी छन् । उनले आफ्नो फेसबुक पेजमा एक पोस्ट लेख्दै भनेकी छन्, 'जब सोच र पद्धति पुरानो रहन्छ, तब विकल्प पनि पुरानो लाग्न थाल्छ । विकल्प अनुहारमा होइन-दृष्टि, र मूल्यमा हो ।' कमेन्टमा धेरैले उनको विचारप्रति सहमति जनाएका छन् ।

अभिनेत्री केकी अधिकारी भने रवि र बालेनबीचको सहकार्यले उत्साहित देखिएकी छन् । दुई नेताको एकता नेपाल र नेपालीको हितका लागि अगाडि बढोस् भन्दै उनले शुभकामना दिएकी छन् । अर्की अभिनेत्री स्वस्तिमा खड्काले रवि र बालेनबीचको राजनीतिक सहकार्यलाई स्वागत गर्दै फेसबुक पोस्टमा 'म नेपाल हाँसेको हेर्न चाहन्छु' भन्ने गीतको वाक्य लेखेकी छन् ।

त्यस्तै, अभिनेता दीपकराज गिरीले रवि र बालेनको मिलनपछि मुलुकले फेरि अर्को विकल्प खोज्नु नपरोस् भन्ने कामना गर्दै शुभकामना दिएका छन् । जनताले हरेकपटक परिवर्तनको आवाजलाई साथ दिँदै आएको र पटक-पटक विभिन्न विकल्पहरूको प्रयोग भए पनि देशले अपेक्षित गति लिन नसकेको उल्लेख गर्दै उनले अब त्यस्तो अवस्था नआउने विश्वास व्यक्त गरेका छन् ।

निर्देशक निश्चल बस्नेत, अभिनेता तथा निर्माता निर्मल शर्मा, अभिनेता जयकिशन बस्नेत, कलाकार कमलमणी नेपाल, निर्माता तथा अभिनेता रविन्द्रसिंह बानियाँ, अभिनेत्री प्रियंका कार्की, अभिनेता नाजिर हुसेन, निर्देशक असिम शाहलगायतले पनि रवि-बालेनबीच भएको सहमतिको स्वागत गर्दै अब देश र जनताले खोजेको परिवर्तन आउने आशा व्यक्त गरेका छन् ।

# 'कार्साङ' जोडीलाई 'मिरमिरे'मा किन दोहोऱ्याइयो ?

काठमाडौं/नेपाली फिल्ममा एउटै जोडी पटक-पटक दोहोरिएका उदाहरण धेरै छन् । विशेषगरी दर्शकको रोजाइमा परेका कलाकारको जोडीलाई मेकरहरूले फिल्ममा दोहोऱ्याइरहेका हुन्छन् । पछिल्लो समय दयाहाङ राई र मिरुना मगरको जोडी सबैभन्दा धेरै दोहोरि रहेका बेला दयाहाङको नयाँ जोडी बनेर सिर्जना निङ्लेखु पनि एकपछि अर्को फिल्ममा देखिन थालेकी छन् ।

दयाहाङ र सिर्जनाले पहिलो पटक फिल्म 'कार्साङ'मा सहकार्य गरेका थिए । यसमा श्रीमान्-श्रीमतीको भूमिका निभाएका उनीहरू अब नयाँ फिल्म 'मिरमिरे'मा देखिँदैछन् । संयोग चाहिँ के छ भने उनीहरूलाई तिनै निर्देशकले दोहोऱ्याएका हुन्, जसले 'कार्साङ' निर्देशन गरेका थिए । अर्थात् 'कार्साङ'का निर्देशक यम शेर्पाले 'मिरमिरे' निर्देशन गरेका हुन् ।

दयाहाङ र सिर्जनालाई आफ्नो दोस्रो फिल्ममा पनि दोहोऱ्याउनुको कारणबारे निर्देशक शेर्पा भन्छन्, 'एकपटक काम गरिसकेपछि त्यही व्यक्तिसँग काम गर्न सहज हुने रहेछ । पहिलोपटक काम गर्दा नै उसको काम गर्ने तरिका, शैली र आनीबानी राम्रोसँग थाहा हुन्छ । दयाहाङ र सिर्जना दुवैसँग मैले पहिलो फिल्ममा सँगै काम गरेकाले सहज हुने ठानेर दोहोऱ्याएको हुँ ।'

फिल्मको कथाले पनि दयाहाङ र सिर्जना जस्तै पात्र मागेको उनको दाबी छ । भन्छन्, 'स्क्रिप्ट लेख्दा नै मेरो दिमागमा दयाहाङ र सिर्जना हुनुहुन्थ्यो । कथाको माग र 'कार्साङ'मा काम गर्दाको अनुभवको आधारमा सहजताको अपेक्षाले उहाँहरूसँग पुन: सहकार्य गरेको हुँ ।' दयाहाङ र सिर्जनासँग काम गर्न 'मिरमिरे'मा अझ सहज र रमाइलो भएको उनले बताए ।

आगामी माघ १ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको यस फिल्ममा दयाहाङ र सिर्जनासहित प्रकाश सपूत, माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा, दिविशा पन्त, चिराग श्रेष्ठ, नमनराज गजुरेल, शाइसा गौचन (बाल कलाकार) लगायतको अभिनय रहेको छ । छोरीले आफ्नो बुवालाई गर्ने माया र छोरीका लागि बुवाले गर्ने त्यागको कथामा फिल्म आधारित छ ।

# इराकमा कार्यरत ३० हजार नेपालीले श्रम स्वीकृति पाउने

काठमाडौं/इराकमा लामो समयदेखि कार्यरत ३० हजार हाराहारी नेपालीले श्रम स्वीकृति पाउने भएका छन् ।

सरकारले वैदेशिक रोजगारीका लागि इराकमा कार्यरत नेपालीलाई अभिलेखीकरणमा ल्याउने निर्णय गरेको थियो । योसँगै लामो समयदेखि इराकमा कार्यरत रहे पनि नेपालको अभिलेखीकरणमा समावेश नभएका उनीहरूलाई अभिलेखीकरणमा ल्याएर श्रम स्वीकृति प्रदान गर्ने निर्णय गरिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले जानकारी दिए ।

१० पुसमा बसेको मन्त्रिपरिषद् बैठकले इराकमा रहेका नेपालीलाई अभिलेखीकरणमा ल्याउने निर्णय गरेको थियो । यसका लागि श्रम मन्त्रालयले परराष्ट्र र कानुन मन्त्रालयको सहमति माग गरेको थियो । दुवै मन्त्रालयबाट सहमति प्रदान भएपछि निर्णयका लागि मन्त्रिपरिषद् बैठकमा पेस गरिएको थियो ।

दशकौंदेखि इराकमा कार्यरत नेपाली श्रम स्वीकृति पाएका थिएनन् । उनीहरू नेपालको अभिलेखमा समेत समावेश थिएनन् । जसले गर्दा उनीहरू लामो समयदेखि नेपाल आउजाउ गर्नबाट वञ्चित थिए । इराकको आवासीय कार्य भएका उनीहरूले श्रम स्वीकृतिका कारण नेपाल आउन र नेपालबाट फर्किन पाउने अवस्था थिएन ।

मन्त्री भण्डारीले इराकमा वर्षौंदेखि काम गर्दै आएका नेपाली नेपाल सरकारको अभिलेखमा नभएको र अभिलेखीकरण गर्ने निर्णयसँगै राहत मिल्ने बताए । इराकको आवासीय कार्ड भएका नेपालीलाई नेपाल आएका बेला आवेदन दिए श्रम स्वीकृति दिने निर्णय गरिएको हो । १५ भदौ २०६१ मा इराकमा १२ नेपालीको हत्या भएपछि सुरक्षाको कारण देखाएर नेपाल सरकारले इराक जान प्रतिबन्ध लगाएको थियो । सरकारले यसअघि पनि २०६७ सालमा इराकमा रहेको अमेरिकी सेनाको बेस क्याम्पमा काम गरिरहेका नेपाली कामदारलाई वैध हैसियत दिने निर्णय गरेको थियो ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# कमीकमजोरीलाई सुधार्दै अघि बढ्नु सरकारको दायित्व: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले विगतमा भएका कमीकमजोरीलाई सुधार गर्दै अघि बढ्नु सरकारको मुख्य दायित्व भएको बताएका छन् ।

जिल्ला समन्वय समिति काभ्रेपलान्चोकद्वारा आयोजित संघ, प्रदेश र स्थानीय तहबीचको विषयगत समन्वय तथा सहजीकरण कार्यक्रममा उनले आगामी आर्थिक वर्षको बजेट प्रणालीलाई थप व्यवस्थित बनाउँदै प्रदेशभित्र निर्वाचित जनप्रतिनिधिको समन्वयमा योजना छनोट गरिने स्पष्ट पारे । मुख्यमन्त्री बानियाँले आगामी वर्षको बजेट प्रदेशभित्रका स्थानीय तहले छनोट गरेका योजना बाहिर नजाने गरी व्यवस्थापन गरिने विश्वास दिलाए । उनले बजेट विनियोजनमा कुनै पनि राजनीतिक दबाब वा प्रभाव नहुने र जनताको वास्तविक आवश्यकता तथा अभावलाई आधार बनाएर स्थानीय तहसँग सम्बन्धित प्रदेशका निर्वाचित प्रतिनिधिको समन्वयमा योजना छनोट प्रक्रिया अघि बढाइने बताए ।

उनले बजेट बाहिरबाट आउने भन्ने आशंका निराधार भएको स्पष्ट गर्दै विगतका समस्या समाधान गर्दै लैजानु बागमती प्रदेश सरकारको प्रमुख जिम्मेवारी भएको दाबी गरे । मुख्यमन्त्री बानियाँले सडक, खानेपानी, कृषिलगायतका क्षेत्रमा देखिएका समस्या समाधान गर्न यसवर्ष विपद् व्यवस्थापनमार्फत् जति सकिन्छ त्यति काम गरिने र अत्यावश्यक योजनालाई प्रदेश सरकारले प्राथमिकतामा राखी छिटो निर्णय गर्ने जानकारी दिए । आउँदो आर्थिक वर्षका लागि स्थानीय तहले आफ्नै क्षमताले सम्पन्न गर्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकारले आवश्यक बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्ने उनले बताए ।




कार्यक्रममा सामाजिक विकास मन्त्री कञ्चनचन्द्र वादेले तीन तहबीच समन्वयको आवश्यकता महसुस गरेरै जिल्ला समन्वय समितिको संरचना राखिएको दाबी गरे । योजना कार्यान्वयनका सम्बन्धमा स्थानीय तह प्रदेश सरकारबीच केही मतभेद भएको हुनसक्ने भन्दै उनले यस्ता विषय संवादबाट टुंग्याउनुपर्ने बताए । जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका प्रमुख दीपककुमार गौतमले विपदबाट क्षतिग्रस्त जिल्लाको पुननिर्माणको लागि सहयोग गर्न प्रदेश सरकारलाई अनुरोध गरे । प्रदेश सरकारका जिल्लास्थित संरचना एकीकरण (मर्ज)गर्न अनुरोध गर्दै उनले त्यसको सञ्चालन खर्च विकास बजेटमा लगाउन सकिने तर्क गरे ।

प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जनताले छाम्दा सुन्दा खोज्दा भेटिने सरकार खोजेको भन्दै सेवाप्रवाह प्रभावकारी बनाउन भूमिका खेलिरहेको बताए । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव दीपक ढकालले तीन तहका सरकारबीच समन्वयको काम समन्वय परिषद् मार्फत् भइरहेको बताए । कार्यक्रममा काभ्रे जिल्लाका स्थानीय तहका प्रमुखले बागमती प्रदेशका मुख्यमन्त्री बानियाँलाई गुनासो नै गुनासो पोखेका छन् । नमोबुद्ध नगरपालिकाका प्रमुख कुनसाङ लामाले गतवर्षका विपदका कारण बगाएको थान्सिङ पुल समयमा नबन्दा नमोबुद्ध, रोशी, महाभारत, खानीखोला लगायत स्थानीय तहका बासिन्दा प्रभावित भएको भन्दै तत्काल निर्माण थाल्न प्रदेश सरकारको ध्यानाकर्षण गराए ।

पाँचखाल नगरप्रमुख महेश खरेलले युवालाई विदेश जान रोक्ने गरी योजना ल्याउन अनुरोध गर्दै पाँचखालमा सुरु भएको हरित महिला औद्योगिक ग्राम लगायत योजनामा सहकार्य गर्न अनुरोध गरे । मण्डनदेउपुर नगरप्रमुख टोकबहादुर वाईबाले विधिवत संरचनाभन्दा बाहेकबाट आएका योजनामा बजेट विनियोजन नगर्न अनुरोध गर्दै स्थानीय तह ५० प्रतिशत साझेदारी गर्न तयार रहेको बताए । बनेपा नगरप्रमुख शान्तिरतन शाक्यले प्रत्येक वर्ष विपदका कारण खानेपानीमा क्षति पुगेको भन्दै बनेपा नगरवासी काकाकुल बन्ने अवस्था आएकाले सहयोगको लागि प्रदेश सरकारलाई अनुरोध गरे ।

खानीखोला गाउँपालिकाका अध्यक्ष इन्द्रबहादुर थिङले स्थानीय तह सबलीकरणको योजना ल्याउन प्रदेश सरकारलाई अनुरोध गर्दै खानीखोलाबाट हेटौंडा जोड्ने सडक, सिक्रेदोभान पुल निर्माण अलपत्र परेको भन्दै तत्काल निर्माण थाल्न अनुरोध गरे । बेथानचोक गाउँपालिका अध्यक्ष भगवान अधिकारीले विपदबाट प्रभावित गाउँपालिकालाई तत्काल बजेट व्यवस्थापन गर्न अनुरोध गर्दै पालिका जोड्ने सडक निर्माणमा तदारुकता दिन अनुरोध गरे । चौरि देउराली गाउँपालिका अध्यक्ष रेणुका चौलागाईले आफ्नो पालिकाको पाँचवटा वडा सुख्खाग्रस्त रहेको भन्दै सिँचाइको व्यवस्था गर्न अलपत्र अस्पताल निर्माण सम्पन्न गर्न र खहरेघाट पुल सम्पन्न गर्न ध्यानाकर्षण गराइन् ।

महाभारत गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले विगतमा आश्वासन मात्र पाएकोले पूरा गर्न अनुरोध गर्दै महाभारत गाउँपालिका जोड्ने रोशीको थानसिङ पुल निर्माण तत्काल थाल्न अनुरोध गरे । भुम्लू गाउँपालिका अध्यक्ष प्रेमबहादुर भुजेलले विपदपछि क्षतविक्षत खानेपानी योजनालाई बजेट व्यवस्थापन गरी पूरा गर्न अनुरोध गरे । धुलिखेल नगरउपप्रमुख नीराजन जंगमले प्रदेश सरकारका केही योजना दोहोरिएर आएपनि सम्पन्न गर्न बजेट अपर्याप्त रहेको भन्दै केही योजना कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको बताए ।

मण्डन देउपुर नगर उपप्रमुख विष्णुमणि नेपालले टिपरको ओभरलोड र पानी चुहाउने समस्याको कारण सडक चाँडै बिग्रेको भन्दै प्रदेशका जिल्लामा समन्वय गर्न अनुरोध गरे । मण्डन देउपुर नगरका प्रमुख प्रशासकीयअधिकृत अमृतकुमार धितालले चौथो तहको दरवन्दी कायम नहुँदा स्वास्थ्य सेवामा जनशक्ति व्यवस्थापन गर्न असहज भएको तर्क गरे ।

# सवारी दुर्घटनामा एकको मृत्यु, पाँच घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ मकवानपुरमा भएको छुट्टाछुट्टै दुर्घटनामा एकको मृत्यु र पाँचजना घाइते भएका छन् । पूर्व पश्चिम राजमार्गअन्तर्गत हेटौंडा उपमहानगर पालिका-१९ बस्तीपुरस्थित सडक खण्डमा बाटो क्रस गर्दैगर्दा मोटर साइक्लले ठक्कर दिएर घाइते भएका पैदलयात्री मकवानपुरको मनहरी-३ का रघुनाथ पौडेलको उपचारको क्रममा शनिबार राति मृत्यु भएको हो ।

गत मंगलबार मोटर साइकलको ठक्करबाट घाइते भएका ७० वर्षीय पौडेलको नयाँ मेडिकल क्लेज भरतपुर चितवनमा उपचारको क्रममा शनिबार राति चिकित्सकले मृतघोषणा गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । नेवारपानी तर्फबाट बस्तीपुर तर्फ जाँदै गरेको बा.प्र.०३-००५ प ६४२९ नं.को मोटरसाइकलले पौडेललाई ठक्कर दिई दुर्घटना हुँदा मोटरसाइकल चालक हेटौंडा-१९ बस्तीपुरका वर्ष २७ का विजय घलान र पछाडि सवार वर्ष १८ का रोशन गोलेसमेत घाइते भएका थिए । घाइते दुईजनाको सिएमसी चुरेहिल अस्पतालमा उपचार भएको छ ।

यस्तै, मकवानपुरगढी गाउँपालिका-६ भालुखोलास्थित भित्री सडकखण्डमा प्र३-००१४ प ५६६९ को मोटरसाइकल गएराति अनियन्त्रित भई दुर्घटना हुँदा दुईजना घाइते भएको प्रहरीले जनाएको छ । दुर्घटनापछि अस्थायी प्रहरी पोष्ट धादिङबाट गएको प्रहरीटोलीले धादिङबजारबाट हेटौंडा बजारतर्फ आउँदै गरेको मोटरसाइकल अनियन्त्रित भई सडकभन्दा अन्दाजी १० मिटर तल खोल्लामा खसेर दुर्घटना भएको जनाएको छ ।

दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक मकवानपुर गढी-३ मक्रान्चुलीका ३१ वर्षीय बुद्ध लामाको पुरानो मेडिकल कलेज भरतपुर र पछाडि सवार मकवानपुर गढी-८ बुढीचौरका २५ वर्षीय देवेन्द्र बोम्जनको सन्चो अस्पताल हेटौंडामा उपचार भइरहेको छ ।

यसैगरी, मदन भण्डारी लोकमार्गको हेटौंडा उपमहानगरपालिका-१६ सिपालीचोकमा सवारी दुर्घटनामा एकजना घाइते भएका छन् । गएराति हटियाबाट ठुलोदमारतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१क ०१४३ नं.को टिपरले सोही दिशातर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००३ प ३१९२ नम्बरको मोटरसाइकललाई ठक्कर दिई दुर्घटना हुँदा मोटरसाइकल चालक हेटौंडा-१७ का ४२ वर्षीय मानबहादुर मानन्धर घाइते भएका हुन् ।

दुर्घटनापछि फरार रहेका टिपरचालक मकवानपुरगढी-७ स्थित सुकौराका अन्दाजी ३५ तिलकबहादुर पाखिनलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले नियन्त्रणमा लिएको छ । घाईते मानन्धरलाई हेटौंडा अस्पतालमा उपचारपछि थप उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर चितवन पठाइएकोमा उपचार भइरहेको र अवस्था गम्भीर रहेको प्रहरीको भनाइ छ ।

# नवनियुक्त मुख्यन्यायधिवक्ता बस्नेतलाई बारको बधाई तथा शुभकामना



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ बागमती प्रदेशकी नवनियुक्त मुख्यन्यायाधिवक्ता अप्सरा बस्नेतलाई मकवानपुर जिल्ला बार एसोसिएसन र उच्च अदालत बार एसोसिएसनले संयुक्तरुपमा बधाई तथा शुभकामना कार्यक्रम आयोजना गरी सम्मान गरेको छ ।

मकवानपुर जिल्ला बार एसोसिएसनका अध्यक्ष उत्तमकुमार बस्नेतको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेपाल कानून व्यवसायी परिषद्का सदस्य केशवप्रसाद काफ्लेको प्रमुख आतिथ्यता रहेको थियो । गत पुस ६ गते बागमती प्रदेशको मुख्यन्यायाधिवक्तामा नियुक्त भएकी अधिवक्ता बस्नेतलाई एसोसिएसनले आइतबार औपचारिकरुपमा बधाई तथा शुभकामना प्रदान गरेको हो । कार्यक्रममा प्रमुखअतिथि नेपाल कानून व्यवसायी परिषद्का सदस्य काफ्लेले बागमती प्रदेशको भूमिका अझ प्रभावकारी बनाउने गरी प्रदेश सरकारलाई आवश्यक कानुनी सुझाव दिन नवनियुक्त महान्याधिवक्ता बस्नेतलाई आग्रह गरे ।

पदको गरिमा कायम राख्दै अझ उत्कृष्टता हासिल गर्न मुख्य न्यायाधिवक्तालाई शुभकामना दिए । कार्यक्रममा मुख्यन्यायधिवक्ता बस्नेतले प्रदेश सरकारको कानुनी सल्लाहकारको रुपमा आफूले भूमिका निर्वाह गर्ने बताइन् । प्रदेश संरचनामा थप मजबुत बनाउन आफू लागिपर्ने उनले तिबद्धता व्यक्त गरिन् । कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, मकवानपुर जिल्ला बार एसोसिएसनका पूर्वअध्यक्षहरुलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

बागमती प्रदेशकी पहिलो महिला मुख्यन्यायाधिवक्ता बनेकी बस्नेत मकवानपुर जिल्ला बार एसोसिएसनको निवर्तमान अध्यक्ष हुन् । कार्यक्रममा उच्चअदालत बार एसोसिएसनका अध्यक्ष मनप्रसाद भट्टराई, निवर्तमान अध्यक्ष, पूर्वअध्यक्षहरु, अधिवक्ता तथा कानून व्यवसायीको उपस्थिति रहेको थियो ।

# महोत्तरीमा पनि बुढ्यौलीको अधिवेशन



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/अचेल तराईमा शीतलहरका साथै चिसो बिर्साउन अधिवेशनको लहर चलेको छ । यस लहरकै दोस्रो क्रममा बर्दिबासमा बुढ्यौली साहित्य समाज महोत्तरीको दोस्रो अधिवेशन तथा सातौं श्रृंखला सम्पन्न भएको छ ।

पुस १२ गते सम्पन्न यस अधिवेशनबाट कार्यसमितिमा अध्यक्षमा लालबाबु शर्मा, उपाध्यक्षमा बोधराज दाहाल, सचिवमा सुदर्शन भट्टराई, सहसचिवमा मोहन गिरी, कोषाध्यक्षमा देवी घिमिरे तथा सदस्यमा नारद काफ्ले र शान्ता काफ्ले छनोट भएका छन् । कार्यक्रममा उपस्थित साहित्यकारमध्ये बुसास मधेश प्रदेशका अध्यक्ष लम्बोदर काफ्ले, प्रदेशकै सचिव रामचन्द्र पौडेल, कुमार दाहाल कुसुम, गणेश तिमल्सिना, सुदर्शन प्रसाद भट्टराई, केदार सिग्देल, ध्रुव बखेल, गणेश तिमल्सिना लगायतले आआफ्ना रचनावाचन गरेका थिए ।

नियात्राकार रमेशमोहन अधिकारी प्रमुखअतिथि रहेको तथा सर्लाही, महोत्तरी, धनुषा तथा मकवानपुरका स्रष्टाहरु सहभागी कार्यक्रमको सञ्चालन महोत्तरी सचिव नारद काफ्ले, स्वागत सदस्य मोहन गिरीले तथा सभाध्यक्षता अध्यक्ष लालबाबु शर्माले गरेका थिए ।

**Account सम्बन्धी काम गर्ने २ जना कर्मचारी आवश्यकता**

हेटौंडा बजारमा निम्न अनुसारको कर्मचारी आवश्यता भएको इच्छुकले सम्पर्क राख्नुहोला।

१. उमेर : ३० वर्ष पूरा भएको ।
२. महिला : १ जना, पुरुष: १ जना
३. कम्प्युटरमा हिसाब राख्न सक्ने अनुभवीलाई प्राथमिकता ।
४. अडिटर अफिस वा अन्य कुनै ठाउँमा Account सम्बन्धी अनुभव भएकालागि प्राथमिकता
५. तलब इन्टरभ्यू अनुसार तोकिनेछ ।

**सम्पर्क नं. ९८५५०६९९०५**

**पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्था लि.**
**PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD**
पालुङ, मकवानपुर । Palung, Makawanpur

**गैर बैकिङ सम्पत्तिहरू लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना**

*सूचना प्रकाशित मिति: २०८२/०९/१४*

यस सहकारी संस्थाको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित गैर बैकिङ सम्पत्ति (घर/जग्गा) सहकारी नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्यशिल बन्दीबोलपत्र मार्फत लिलामबिक्रीगर्नका लागि १५ दिने लिलामबिक्री सम्वन्धी सार्वजनीक सूचना प्रकाशित गरिएको छ । उक्त सम्पत्ति गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ/संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (सो दिन सार्वजनीक बिदा पर मा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र यस सूचना तथा वोलपत्र फारममा उल्लिखत शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस संस्थाको केन्द्रीय कार्यालय, थाहा नगर पालिका वार्ड नं. ४ थानाबजारमा आईपुग्ने गरि गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

**सि.नं. घर/जग्गाधनीको विवरण**

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. ८७५/८८०/४२१/८७४/८७९ को क्षेत्रफल ०-४-०-०/२-०-०-०/२-९-१-०/०-४-०-०/०-९-१-३ को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ गा.वि.स वार्ड नं ४ र ५ स्थित कि.नं. ७६८/१०६/४९८/२४२ को क्षेत्रफल २-४-२-२/०-१०-३-१/०-७-३-०/०-०-२-३ को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला गोगने गा.वि.स वार्ड नं ७ स्थितकि.नं. ४७५/२२० को क्षेत्रफल २-१३-२-२/८-३-२-१ को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं १ स्थित कि.नं. ५२३ को क्षेत्रफल ०-२-१-० को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला वसामाडी गा.वि.स वार्ड नं ५ स्थित कि.नं. ३५०२ को क्षेत्रफल ०-१-०-० (विगामा) को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ५ स्थित कि.नं. ७११ को क्षेत्रफल ०-१५-३-० को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. २१८/२४५ को क्षेत्रफल ०-८-२-२, ०-१२-२-१ को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ७७९/७८३ को क्षेत्रफल ०-३-२-१, ०-०-२-२ को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायमरहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ११४४ को क्षेत्रफल ११-१२-२-१ को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १५८२ को क्षेत्रफल ०-११-०-० को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ८ स्थित कि.नं. ९३५ को क्षेत्रफल ५-०-०-० को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ३ स्थित कि.नं. २५४ को क्षेत्रफल ३-०-०-० को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगल गापत समेत ।

मकवानपुर जिल्ला मैत्रत्राङ्ग गा.वि.स वार्ड नं ५ स्थित कि.नं. ११५२, ११५५ को क्षेत्रफल ०-९-०-०, १-९-०-० को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरू :**

१. बोलपत्र फारमा संस्थाको केन्द्रीय कार्यालय, थाहानगरपालिका वार्ड नं. ४ थानाबजारबाट रु ५०० (अक्षरुपी पाँच सय रुपायाँ मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिने छ ।
२. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन सहकारीको केन्द्रीय कार्यालय, थाहानगरपालिका वार्ड नं. ४ थानाबजार आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरी दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिनचाहेको गैरबैंकिङ सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अङ्क र अक्षरमा फरक फरक व्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका द रले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खाता मान गदै दाखिला गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै व्याज दिईने छैन साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन । बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता प्रमाणपत्र, अध्यावधिक भएको सञ्चालक लगत आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
५. रितपूर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ३:०० बजे संस्थाको केन्द्रीय कार्यालय, थाहानगरपालिका वार्ड नं. ४ थानाबजार बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम बिक्री सम्वन्धी काम समाप्त नभएमावा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्बन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात सहकारी संस्थाले तोकेको मितिभित्र यस सहकारी संस्थामा नगदै जम्मा गरी उक्त सम्पत्ति आफ्नो नाममा दाखिल खारेज/नामसारी गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस सहकारी संस्थामा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरी लिने स्वयमले व्यहोर्नु पर्नेछ । बोलपत्रमा पेश गरेको रकमले सहकारी संस्थाको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा सहकारी संस्था सम्बन्धि प्रचलित ऐन तथा नियम बमोजिम पून सूचना जारी गरी लिलामी प्रक्रियामा जान सक्नेछ ।
७. तोकिएको समय भित्रबाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
८. सहकारी संस्थाको नाममा रहेको गैर बैकिङ सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस सहकारी संस्थामा निहीत रहने छ ।
९. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा सहकारी संस्थाको केन्द्रीय कार्यालय, थाहानगरपालिका वार्ड नं. ४ थानाबजारमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
११. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**गोप्य बिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान**

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०९/२८ गते
बोलपत्रखोलिने मिति : २०८२/०९/२९गते समय: दिनको ३:०० बजे
सिलबन्दी बोलपत्र खोलिने स्थान: थाहा नगरपालिका वार्ड नं. ४ थानाबजार

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना